# काठमाडौं उपत्यका विकास प्राधिकरण

## खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

(सूचना प्रकाशित मितिः २०७५/०७/०९)

लोकसेवा आयोगको मिति २०७४/११/१६ को सहमति अनुसार यस प्राधिकरणमा रिक्त रहेका देहायका पदहरु खुला तथा समावेशी प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले काठमाडौं उपत्यका विकास प्राधिकरण कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली, २०७२अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ । दरखास्त फाराम प्राधिकरणको वेवसाइट www.kvda.gov.np बाट डाउनलोड गरी निर्दिष्ट स्थानमा हालै खिचिएको पासपोर्ट साईजको फोटो टाँस गरी आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणपत्र आफैले प्रमाणित गरी प्राधिकरणको कार्यालय, अनामनगरमाबुझाउनु पर्नेछ । परीक्षा दस्तुर काठमाडौं उपत्यका विकास प्राधिकरणको नाममा रहेको सिद्धार्थ बैंकको चल्ती खाता नं. ००११५१६५०१२ मा जम्मा गरी दरखास्त साथ दुई प्रति भौचर संलग्न गर्नुपर्नेछ । दरखास्त दिने अन्तिम मिति पछिको ७ (सात) दिन सम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको अर्को दिनसम्म दरखास्त बुझाउन सकिनेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | किसिम | पद संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/०७४-७५ | नायव विकास आयुक्त | एघारौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | १(एक) |
| २. | २/०७४-७५ | उप विकास आयुक्त | दशौं | प्रशासन | सामान्य प्रशासन | - | खुला | १(एक) |
| ३. | ३/०७४-७५ | उप विकास आयुक्त | दशौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | १(एक) |
| ४. | ४/०७४-७५ | वरिष्ठ प्रशासकीय अधिकृत | नवौं | प्रशासन | सामान्य प्रशासन | - | खुला | १(एक) |
| ५. | ५/०७४-७५ | सिनियर डिभिजनल ईन्जिनियर | नवौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | २(दुई) |
| ६. | ६/०७४-७५ | सिनियर डिभिजनल ईन्जिनियर | नवौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | महिला | १(एक) |
| ७. | ७/०७४-७५ | सिनियर डिभिजनल ईन्जिनियर | नवौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | आ.ज. | १(एक) |
| ८. | ८/०७४-७५ | प्रशासकीय अधिकृत | आठौं | प्रशासन | सामान्य प्रशासन | - | खुला | १(एक) |
| ९. | ९/०७४-७५ | वरिष्ठ कानून अधिकृत | आठौं | कानून | कानून | - | खुला | १(एक) |
| १०. | १०/०७४-७५ | डिभिजनल ईन्जिनियर | आठौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | ३(तीन) |
| ११. | ११/०७४-७५ | डिभिजनल ईन्जिनियर | आठौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | महिला | १(एक) |
| १२. | १२/०७४-७५ | डिभिजनल ईन्जिनियर | आठौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | आ.ज. | १(एक) |
| १३. | १३/०७४-७५ | डिभिजनल प्लानर | आठौं | इन्जिनियरिङ्ग | सिभिल | अर्वान प्लानिङ्ग | खुला | १(एक) |
| १४. | १४/०७४-७५ | डिभिजनल प्लानर | आठौं | इन्जिनियरिङ्ग | सिभिल | अर्वान प्लानिङ्ग | महिला | १(एक) |
| १५. | १५/०७४-७५ | उप-प्रशासकीय अधिकृत | सातौं | प्रशासन | सामान्य प्रशासन | - | खुला | १(एक) |
| १६. | १६/०७४-७५ | लेखा अधिकृत | सातौं | प्रशासन | लेखा | - | खुला | १(एक) |
| १७. | १७/०७४-७५ | लेखा अधिकृत | सातौं | प्रशासन | लेखा | - | महिला | १(एक) |
| १८. | १८/०७४-७५ | कानून अधिकृत | सातौं | कानून | कानून | - | खुला | १(एक) |
| १९. | १९/०७४-७५ | इन्जिनियर | सातौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | ४(चार) |
| २०. | २०/०७४-७५ | इन्जिनियर | सातौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | महिला | १(एक) |
| २१. | २१/०७४-७५ | इन्जिनियर | सातौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | आ.ज. | १(एक) |
| २२. | २२/०७४-७५ | इन्जिनियर | सातौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | मधेसी | १(एक) |
| २३. | २३/०७४-७५ | सहायक प्रशासकीय अधिकृत | छैठौं | प्रशासन | सामान्य प्रशासन | - | खुला | २(दुई) |
| २४. | २४/०७४-७५ | सहायक प्रशासकीय अधिकृत | छैठौं | प्रशासन | सामान्य प्रशासन | - | महिला | १(एक) |
| २५. | २५/०७४-७५ | सहायक प्रशासकीय अधिकृत | छैठौं | प्रशासन | सामान्य प्रशासन | - | आ.ज. | १(एक) |
| २६. | २६/०७४-७५ | सहायक लेखा अधिकृत | छैठौं | प्रशासन | लेखा | - | खुला | १(एक) |
| २७. | २७/०७४-७५ | सहायक लेखा अधिकृत | छैठौं | प्रशासन | लेखा | - | महिला | १(एक) |
| २८. | २८/०७४-७५ | सहायक इन्जिनियर | छैठौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | ४(चार) |
| २९. | २९/०७४-७५ | सहायक इन्जिनियर | छैठौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | महिला | १(एक) |
| ३०. | ३०/०७४-७५ | सहायक इन्जिनियर | छैठौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | आ.ज. | १(एक) |
| ३१. | ३१/०७४-७५ | सहायक इन्जिनियर | छैठौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | मधेसी | १(एक) |
| ३२. | ३२/०७४-७५ | सहायक इन्जिनियर | छैठौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | दलित | १(एक) |
| ३३. | ३३/०७४-७५ | समाजशास्त्री | छैठौं | विविध | - | - | खुला | १(एक) |
| ३४. | ३४/०७४-७५ | भू-सूचना अधिकृत | छैठौं | इन्जिनियरिङ्ग | सर्भे | - | खुला | १(एक) |
| ३५. | ३५/०७४-७५ | वरिष्ठ सहायक | पाँचौं | प्रशासन | सामान्य प्रशासन | - | खुला | १२(बाह्र) |
| ३६. | ३६/०७४-७५ | वरिष्ठ सहायक | पाँचौं | प्रशासन | सामान्य प्रशासन | - | महिला | ३(तीन) |
| ३७. | ३७/०७४-७५ | वरिष्ठ सहायक | पाँचौं | प्रशासन | सामान्य प्रशासन | - | आ.ज. | ३(तीन) |
| ३८. | ३८/०७४-७५ | वरिष्ठ सहायक | पाँचौं | प्रशासन | सामान्य प्रशासन | - | मधेसी | २(दुई) |
| ३९. | ३९/०७४-७५ | वरिष्ठ सहायक | पाँचौं | प्रशासन | सामान्य प्रशासन | - | दलित | १(एक) |
| ४०. | ४०/०७४-७५ | वरिष्ठ सहायक | पाँचौं | प्रशासन | सामान्य प्रशासन | - | अपाङ्ग | १(एक |
| ४१. | ४१/०७४-७५ | वरिष्ठ सहायक | पाँचौं | प्रशासन | लेखा | - | खुला | १(एक) |
| ४२. | ४२/०७४-७५ | वरिष्ठ सहायक | पाँचौं | प्रशासन | लेखा | - | महिला | १(एक) |
| ४३. | ४३/०७४-७५ | वरिष्ठ सहायक | पाचौं | कानून | कानून | - | खुला | ३(तीन) |
| ४४. | ४४/०७४-७५ | वरिष्ठ सहायक | पाचौं | कानून | कानून | - | महिला | १(एक |

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | उपसमूह | किसिम | पद संख्या |
|---|---|---|---|---|---|---|---|---|
| ४५. | ४५/०७४-७५ | वरिष्ठ सहायक | पाँचौं | कानून | कानून | - | आ.ज. | १(एक |
| ४६. | ४६/०७४-७५ | सव इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | खुला | ९(नौ) |
| ४७. | ४७/०७४-७५ | सव इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | महिला | ३(तीन) |
| ४८. | ४८/०७४-७५ | सव इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | आ.ज. | २(दुई) |
| ४९. | ४९/०७४-७५ | सव इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | मधेसी | २(दुई) |
| ५०. | ५०/०७४-७५ | सव इन्जिनियर | पाँचौं | इन्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | दलित | १(एक) |
| ५१. | ५१/०७४-७५ | सर्भेक्षक | पाँचौं | इन्जिनियरिङ्ग | सर्भे | - | खुला | २(दुई) |
| ५२. | ५२/०७४-७५ | सर्भेक्षक | पाँचौं | इन्जिनियरिङ्ग | सर्भे | - | महिला | १(एक) |
| ५३. | ५३/०७४-७५ | सर्भेक्षक | पाँचौं | इन्जिनियरिङ्ग | सर्भे | - | आ.ज. | १(एक) |
| ५४. | ५४/०७४-७५ | कम्प्यूटर अपरेटर | पाँचौ | विविध | - | - | खुला | ४(चार) |
| ५५. | ५५/०७४-७५ | कम्प्यूटर अपरेटर | पाँचौ | विविध | - | - | महिला | १(एक) |
| ५६. | ५६/०७४-७५ | कम्प्यूटर अपरेटर | पाँचौ | विविध | - | - | आ.ज. | १(एक) |
| ५७. | ५७/०७४-७५ | कम्प्यूटर अपरेटर | पाँचौ | विविध | - | - | मधेसी | १(एक) |
| ५८. | ५८/०७४-७५ | जुनियर सर्भेक्षक | चौँथौं | इन्जिनियरिङ्ग | सर्भे | - | खुला | २(दुई) |
| ५९. | ५९/०७४-७५ | जुनियर सर्भेक्षक | चौँथौं | इन्जिनियरिङ्ग | सर्भे | - | महिला | १(एक) |
| ६०. | ६०/०७४-७५ | सहायक | चौँथौं | प्रशासन | सामान्य प्रशासन | - | खुला | २(दुई) |
| ६१. | ६१/०७४-७५ | सहायक | चौँथौं | प्रशासन | सामान्य प्रशासन | | महिला | १(एक) |
| ६२. | ६२/०७४-७५ | सहायक | चौँथौं | प्रशासन | सामान्य प्रशासन | | आ.ज. | १(एक) |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-**काठमाडौं ।

**दरखास्त बुझाउने स्थानः-** काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्यालय, अनामनगर ।

**संलग्न गर्नुपर्ने कागजातहरु :-** उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताका प्रमाण पत्रका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजातको प्रतिलिपी संलग्नगर्नुपर्नेछ । अनुभव आवश्यक पर्ने पदहरुका लागि दरखास्त फाराममाअनुभव सम्बन्धी विवरण उल्लेख गरी आफुले काम गरेको कार्यालय/संस्थाको प्रमूखबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७५/०८/०८ सम्म ।

**उम्मेदवारको उमेरको हदः-**

- अधिकृत स्तरका पदहरुको हकमा दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको तर महिला तथा अपांग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- सहायक स्तरका पदहरुको हकमा दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको तर महिला तथा अपांग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

**अन्तर्वार्ता अधिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**पदमा रही कार्य गर्नुपर्ने कार्यक्षेत्रः-**काठमाडौं उपत्यका विकास प्राधिकरण र अन्तर्गतका काठमाडौं, ललितपुर र भक्तपुर जिल्लास्थित प्राधिकरण आयुक्तको कार्यालयहरु ।

**तलवः-**प्राधिकरणको नियम अनुसार ।

**लिखित परीक्षा मितिः-** लोक सेवा आयोगबाट कायम भए पश्चात् प्रकाशित गरिनेछ ।

**परीक्षा दस्तुरः-** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ ।

| तह | परीक्षा दस्तुर | प्रत्येक थप समूहका लागि थप दस्तुर |
|---|---|---|
| एघारौं | रु. १,५००।- (एक हजार पाँच सय) | रु.६००।- (छ सय) |
| नवौं र दसौं | रु. १,२००।- (एक हजार दुई सय) | रु.५००।- (पाँच सय) |
| छैठौं, सातौं र आठौं | रु. १,०००।- (एक हजार) | रु.४००।- (चार सय) |
| पाँचौ | रु.४००।- (चार सय) | रु.२००।- (दुई सय) |
| चौथों | रु.३००।- (तीन सय) | रु.१५०।- (एक सय पचास) |

**सम्पर्क मितिः- २०७५/०८/२३ गते ।**

## आवश्यक न्यूनतम योग्यताः

१. **इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट, एघारौ तहको लागि -**मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल वा अर्वान प्लानिङ्ग इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त ।

२. **इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट, नवौ र दशौ तहको लागि -**मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल वा अर्वान प्लानिङ्ग इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त ।

३. **प्रशासन, सामान्य प्रशासन,नवौ र दशौ तहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृत स्तरको पदमा पाँच वर्षको अनुभव प्राप्त ।

४. **इन्जि., सिभिल, अर्वान प्लानिङ्ग, आठौ तहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्वान प्लानिङ्ग ईन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह उत्तीर्ण ।

५. **इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट, छैठौ, सातौ र आठौ तहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल वा अर्वान प्लानिङ्ग इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण ।

६. **प्रशासन, सामान्य प्रशासन, छैटौ, सातौ र आठौं तहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण ।

७. **कानून सेवा,कानून समूह, सातौ र आठौं तहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

८. **प्रशासन, लेखा, छैठौ र सातौ तहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण ।

९. **समाजशास्त्री, विविध, छैठौ तहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण ।

१०. **भू सूचना अधिकृत, इन्जि.,सर्भे, छैठौ तहको लागि -** मान्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल विषयमा स्नातक तह उत्तीर्ण गरी जियामेट्रिक्स विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त वा Geomatics ईन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण ।

११. **प्रशासन, सामान्य प्रशासन, पाँचौ तहको लागि -**मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

१२. **प्रशासन, लेखा, पाँचौ तहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण ।

१३. **कानून सेवा,कानून समूह, पाँचौ तहको लागि -**मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक तह उत्तीर्ण ।

१४. **इन्जि., सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट, पाँचौ तहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल ईन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

१५. **इन्जि.,सर्भे, पाँचौ तहको लागि -**मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा तीन वर्षे प्रवीणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालिम प्राप्त ।

१६. **कम्प्युटर अपरेटर, विविध, पाँचौ तहको लागि -**मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।

१७. **इन्जि.,सर्भे, चौथों तहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा कम्तीमा १ (एक) वर्षको तालिम प्राप्त गरेको ।

१८. **प्रशासन, सामान्य प्रशासन, चौथों तहको लागि -** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तीर्ण ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(घ) अपाङ्गका हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र ।

## द्रष्टव्य

१. काठमाडौं उपत्यका विकास प्राधिकरण कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली, २०७२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. प्रत्येक सेवा अन्तर्गत खुल्ला तथा समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइनेछ ।

३. समावेशी समूह भित्र फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारका प्रत्येक समूहका लागि दरखास्त फारामको पहिलो पाना छुट्टा छुट्टै भर्नुपर्नेछ साथै उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ तर रोल नम्बर र प्रवेश पत्र भने एउटै मात्र प्रदान गरिनेछ । आवश्यक विवरण नखुलाउने उम्मेदवार लाई परीक्षामा समावेश गराईने छैन ।

४. एक भन्दा बढी समूहमा फाराम पर्ने उम्मेदवारहरुले आफूले पेश गर्ने आवश्यक प्रमाणहरुको प्रत्येकको १/१ प्रति मात्र बुझाए पुग्नेछ ।

५. दरखास्त पेश गर्ने उम्मेदवारहरुले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर वापतको रकम तोकिएको म्यादभित्र र म्याद नाघेको ७ दिन सम्ममा दोब्बर परीक्षा दस्तुर रकम काठमाडौं उपत्यका विकास प्राधिकरणको नाममा रहेको सिद्धार्थ बैंकको चल्ती खाता नं. ००११५१६५०१२ मा जम्मा गरी जम्मा गरेको सक्कल भौचर दुई प्रति सहित दरखास्त साथ पेश गर्नु पर्नेछ ।

६. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा सम्बन्धित पदको लागि तोकिएको न्यूनतम सेवा अवधि पुरा भएको हुनपर्नेछ ।

७. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

८. तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

९. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरि सकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धीत निकायबाट आफूले प्राप्त गरेकोयोग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

१०. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

११. पाठ्यक्रम प्राधिकरणको वेबसाइट www.kvda.gov.np बाट प्राप्त गर्न सकिने छ ।